# बागमती गाउँपालिका
# བྭག་མ་ཏི་ གྭཨུཔྭལིགྭ་

## गाउँसभाको सत्रौं अधिवेशनमा गाउँपालिका अध्यक्ष श्री विर बहादुर लोप्चनद्वारा प्रस्तुत

## बागमती गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को

## नीति तथा कार्यक्रम

## २०८२ असार ०९ गते

प्रमाणिकरण मिति :- २०८२/०३/१०

**प्रमुख अतिथि, बागमती प्रदेशका युवा तथा खेलकुद मन्त्रीज्यू,**
**विशेष अतिथि, जिल्ला समन्वय समिति ललितपुरका प्रमुखज्यू,**
**बागमती गाउँपालिकाका आदरणीय गाउँ सभाका सदस्यज्यूहरु,**
**गाउँपालिकाका कररमचारी लगायत उपस्थित महानुभावहरु ,**

१. बागमती गाउँपालिकाको अध्यक्षको हैसियतले संवैधानिक व्यवस्था अनुरुप स्थानीय तहको व्यवस्थापकीय अधिकार प्राप्त यस गाउँपालिकाको सम्मानित गाउँसभाको सत्रौं अधिवेशनमा आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महसुस गरेको छु

२. यस अवसरमा म सर्वप्रथम सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र समग्र नेपालको दिगो शान्ति प्रगति समुन्नतिका लागि देशमा भएका क्रान्ति सशस्त्र आन्दोलन तथा जनआन्दोलहरुमा आफ्नो अमूल्य जीवन समर्पण गर्नु हुने बागमती गाउँपालिकाका लगायत सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति उच्च सम्मान तथा भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै सार्वभौम सम्पन्न राष्ट्रका रुपमा अक्षुण्ण राख्न अतुलनीय योगदान पुर्याउनु हुने अग्रणी व्यक्तित्वहरुलाई स्मरण गर्न चाहन्छु साथै हामीलाई विश्वास गरी दोस्रो स्थानीय तहको निर्वाचनमा मतदान मार्फत निर्वाचित गर्नुहुने सम्पूर्ण बागमती गाउँवासी आमा बुवा, दाजुभाइ तथा दिदीवहिनीहरु लगायत सबैमा हार्दिक धन्यवाद प्रकट गर्दछु।

३. संवैधानिक प्रावधान बमोजिम स्थापित तीन तहको सरकार मध्यको एक बागमती गाउँपालिकाले नेपाल सरकार र प्रदेश सरकारको विकास सम्बन्धी लक्ष्य, उदेश्य प्राप्त गर्न समन्वय, सहयोग र सहकार्य गर्दै स्थानीय अर्थतन्त्रको विकास र विस्तारबाट समृद्धिको आधार निर्माणमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

४. सधैं देखिने साथै सधैं भेटिने सरकारको रुपमा परिचित यस गाउँपालिकाको विकास निर्माणका साधन स्रोतको बढोत्तरी, सेवा प्रदायक निकायहरुमा सहज पहुँचसँगै निकायगत अन्तर समन्वय र साझेदारीमा महत्वपूर्ण भूमिका रहन्छ । यसर्थ यस गाउँपालिकाले नेपाल सरकार तथा प्रदेश सरकारको योजना तथा नीति सँग तादम्यता रहने गरी आफ्नो नीति, योजना तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दै आएका छ ।

५. संघीयताको मर्म अनुरुप विकास र सुशासन अभिवृद्धि सहित प्रभावकारी सेवा प्रवाहको आधार केन्द्रविन्दुको रुपमा स्थापना गर्दै जनतालाइ पुर्याउनु पर्ने ***कृषि, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी तथा सरसफाइ*** लगायतका सार्वजनिक सेवा सुविधाको प्रत्याभूति दिन हाम्रो महत्वपूर्ण भूमिका रहन्छ।यसका लागि सरकारी, निजी, गैरसरकारी, सामुदायिक क्षेत्र सँग साझेदारी र सहकार्यको अपेक्षा राखेका छौं। शान्ति सुरक्षा, रोजगारी अभिवृद्धि, सामाजिक सुरक्षा र मानव संशाधनको क्षमता विकासमा सहयोगी भूमिका निर्वाह गर्दै स्थानीय सरकारको संयन्त्रबाट प्रवाह हुने सेवालाइ समावेशी, व्यवसायिक, प्रतिस्पर्धी, सेवामुखी र स्वावलम्बी बनाउँदै स्थानीय सरकारको सुशासनको संस्थागत विकासमा हामी समर्पित एवम् प्रतिवद्ध छौं ।

६. सार्वभौमसत्ता सम्पन्न जनताको अधिकार प्राप्ति, सामाजिक न्याय र समानतामा आधारित समाजको स्थापना र स्रोतसाधनको समन्यायिक वितरण, जनआकांक्षा अनुसारको विकास निर्माण, सुशासन, शान्ति, समुन्नति र सम्मानका लागि समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्त मार्फत गाउँपालिकाले तय गरेको ***कृषि पर्यटन र पूर्वाधार :समृद्ध र सुखी बागमती गाउँपालिकाको मूल आधार*** को सोचलाई आत्मसातगरी अहोरात्र कार्यसम्पादन गर्दै आएका छौं ।

**आदरणीय, गाउँ सभाका सदस्यज्यूहरु,**

अव म गाउँपालिकाको समग्र विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि चालू आ.व.सम्ममा गरिएका महत्वपूर्ण प्रयास, अवसरका बारेमा उल्लेख गर्न चाहन्छु ।

७. संस्थागत क्षमता विकास तथा सुशासन तर्फ

- गाउँपालिकालाई विधि सम्मत ढंगले अघि बढाउन तथा दैनिक प्रशासनिक काम कारबाहीमा प्रभावकारिता र थप स्पष्टताका लागि हालसम्म ९५ वटा स्थानीय कानून तयार गरि कार्यान्वयन गरिएको छ । यसका अलवा पञ्च वर्षिय आवधिक योजना, मध्यमकालीन खर्च संरचना खाका लगायत क्षमता विकास योजनाहरु तयार गरि लागू गरिएका छन् ।
- दरवन्दी अनुरुपको कर्मचारी व्यवस्थापन गरी पालिका स्तरीय सेवा गाउँपालिकाको आफ्नै प्रशासकीय भवन र वडा स्तरको सेवा वडा कार्यालयको आफ्नै भवनहरुबाट सूचना प्रविधिको प्रयोग सहित एकीकृत रुपमा प्रदान गर्दै आएको छ ।
- आन्तरिक आयमा वृद्धि गर्न राजश्व परिचालनका लागि सरोकार निकायहरुसँग सहकार्य र समन्वयका लागि पहल गरिएका छन् ।
- छिमेकी स्थानीय तहहरुसँग साझा सरोकारका विषयहरुमा छलफल गरिएका छन् ।
- यस गाउँपालिकालाई कार्य क्षेत्र बनाई कार्यक्रम सञ्चालन गर्ने गैर सरकारी संस्थाका कार्यक्रमहरु सभावाट स्वीकृत गरी संचालन गर्ने गरिएका छन् ।
- गाउँपालिका र अन्तर्गतका निकायहरुमा अनिवार्य रुपमा सूचना अधिकारीको व्यवस्था गरिएको छ ।
- गाउँपालिकामा भए गरेका क्रियाकलापहरूमा पारदर्शिता कायम गर्नका लागि सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र प्रगति समिक्षा कार्यक्रम गरी प्रगति समिक्षा, बार्षिक वजेट तथा कार्यक्रम पुस्तिका पुस्तक प्रकाशन गरिएको छ ।

८. पूर्वाधार विकास तर्फ

- आ.व. ०८१/०८२ बाट पूर्वाधार विकास तर्फ विनियोजिन कूल १३९ वटा योजना मध्येका ५ वटा ठूला योजनाहरु बोलपत्र मार्फत विद्युतीय खरिद प्रणाली (e-GP) प्रयोग गरि कार्यान्यिन गरिएको थियो । अत्यावश्यक ६ वटा योजनाहरु कोटेशनबाट कार्यान्वयन गरिए र १२८ वटा योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन भएका छन् । चालू आ.व.मा गाउँपालिकाले गोरेटो बाटो तर्फ ढलान ६२३ मिटर, नयाँ निर्माण ४५३० मिटर निर्माण गरिएको छ । सडक मोटरबाटो तर्फ

९२६.३ मिटर ढलान, ७४७ मिटर ग्राभेल, २७४.५ मिटर सोलिङ गरिएको छ भने १०७११ मिटर नयाँ कटिङ्गको काम सम्पन्न भएका छन् । सिँचाइ तर्फ १९२ मिटर पक्की कुलो र २००० मि कच्ची कुलो निर्माण सम्पन्न गरिएको छ । ५ वटा प्रतिक्षालय ४ वटा सरकारी भवनहरु, १ वटा बालउद्यन, १ वटा झोलुङ्गेपुल साथै मन्दिर, गुम्बा र चर्च गरेर १० वटा भौतिक संरचनाहरु सम्पन्न भएका छन् ।

- योजनाहरुको प्रभावकारी कार्यान्वयनका लागि नियमितरुपमा अनुगमन हुने गरेका छन् साथै उपभोक्ता समितिहरुलाई सहजताका लागि योजना पुस्तिका तयार गरी लागू गरिएको छ ।
- निर्मित भौतिक पूर्वाधारहरुको गुणस्तर परीक्षण लागू गरिएको छ ।
- JICA को सहयोगमा भवन निर्माण मापदण्ड तथा भवन निर्माण संहिता सम्बन्धी पाइलट परियोजना सञ्चालन सँगै मापदण्ड लागु गरी भवन नक्शा पास गर्ने कार्य अघि बढेका छन् ।
- भूमीहिन दलित / भूमीहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको तथ्याङ्क सङ्कलन साथै सुकुम्बासीहरुको तथ्याङ्क प्रविष्टि र निस्सा वितरण कार्य सम्पन्न भइसकेको छ ।
- खैयरघारीमा अवस्थित निर्माणाधिन पालिका स्तरीय रङ्गशालालाई निर्माण सम्पन्न गर्न बहुवर्षिय रुपमा बजेट व्यवस्थापनका लागि पहल गरिएको तथापी पालिका स्तरीय खेलकुदहरु सोही मैदानबाट सञ्चालन गरिँदै आएको छ ।
- पालिका स्तरीय पर्यटकीय क्षेत्र तीनपाने सातकन्या राडार क्षेत्रलाई सञ्चालनमा ल्याइ करिब ५००० भन्दा माथि आन्तरिक र बाह्य पर्यटक भित्र्याइ आन्तरिक स्रोतको रुपमा विकास गरिसकिएको छ ।

९. सामाजिक विकास तर्फ

- अत्यावश्यक स्वास्थ सेवाका लागि थाङ्सिङ्गटारमा गाउँपालिका स्तरीय १० शैयाको थाङ्सिङटार अस्पताल सञ्चालनमा रहेको छ । साथै ६ वडाका स्वास्थ्य चौकी, सुभाने र माझखण्डको सामुदायिक स्वास्थ्य इकाई, १९ वटा खोप केन्द्र, १३ वटा गाउँ घर क्लिनिक र ४ वटा वर्थिङ्ग सेन्टर मार्फत स्थानीयहरुको स्वास्थ्य समाधानका लागि सहज सेवाहरु उपलब्ध गर्रिंदै आएको छ । यसै आ.व.को अन्त्यबाट सातकन्यामा सामुदायिक स्वास्थ्य इकाइ र माल्टा स्वास्थ्य चौकीमा वर्थिङ्ग सेन्टर सहितको सेवा उपलब्ध गराइनेछ ।
- आर्थिक रुपमा विपन्न स्थानीयहरुलाई स्वास्थ्य उपचारमा मानवीय सहायता गरिँदै आएको छ ।
- गाउँपालिकालाई पूर्ण खोपको दीगोपना सुनिश्चित घोषणा गरिएको छ ।
- शिक्षा नै समाज विकासको आधार भएको हुँदा गाउँपालिका भित्र सञ्चालित ९ वटा माध्यमिक विद्यालय र ३७ वटा आधारभूत विद्यालयहरुबाट गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि पञ्च वर्षिय शिक्षा योजनाको छलफल लगायत स्थानीय पाठ्यक्रम तयार गरिएको छ ।
- विद्यालयहरुको अनुगमन गरी शिक्षक व्यवस्थापन, प्रभावकारी नतिजाका लागि शिक्षक विद्यार्थी प्रोत्साहन कार्यक्रम एवम् अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिएका छन् ।

- महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका, बालबालिका, द्वन्दपिडित लगायतका अन्य लक्षित वर्गहरुलाई संघ प्रदेश र हाम्रो सहकार्यमा विभिध सेवाहरु प्रदान गरिँदै आएको छ । जसमा थप एकल पुरुषहरुलाई सामाजिक सुरक्षा भत्ता बापतको रकम उपलब्ध गराइँदै आएको छ ।
- २०८२ चैत्र मसान्त भित्र गाउँपालिकालाई बाल मैत्री स्थानीय तह घोषणा गर्ने प्रतिवद्धता बमोजिम बाल मैत्री कार्यक्रमहरुलाई कार्यान्वयन गरिएका छन् ।

१०. आर्थिक विकास तर्फ

- कृषि तथा पशु उत्पादनमा जीविकोपार्जन गर्ने यहाँका अधिकाशं स्थानीयहरुका आर्थिक उपार्जनका लागि मेड्पा कार्यक्रम मार्फत १३९ जना नयाँ उद्यमी सिर्जना गरिएको साथै उद्यमीहरुको माग वमोजिम सिप विकास तालिम प्रदान गरिएको छ । त्यस्तै गरी ११८ जनालाइ विभिन्न प्रविधि हस्तान्तरण गरिएको छ । गृहणी महिला सशक्तीकरण कार्यक्रम मार्फत ६ नं. मा व्युटिसियन तालिम ३ मा बेमौसमी तरकारी तथा फलफुल खेती तालिम, २ मा बाख्रा कुखुरा तथा भैंसी पालन तालिम र ४ मा मौरी व्यवसायी तालिम सम्पन्न गरिएको छ । प्रधान मन्त्री रोजगार कार्यक्रम मार्फत वडाहरुसँग बजेट लागत साझेदारी गरी १० वटा योजना सञ्चालन गरिएको जसबाट १०६ बेरोजगारहरुलाई रोजगारीको सृजना गरिएको छ ।
- कृषि तथा पशु सेवाका प्राविधिकहरुलाई वडामा नै उपलब्धता गराइएको छ ।
- सहकारीहरुलाई व्यवस्थापन गर्न कोपोमिस (COPOMIS) प्रणाली सुचारु गरेको छ ।
- पालिकालाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न होमस्टे तालिम, वृत्त चित्र निर्माण लगायतको कार्य गरिसकेको छ ।

११. वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ

- स्वच्छ वातावरण तथा हरियालिका लागि गाउँपालिकाले राडार क्षेत्र लगायत अन्य सार्वजनिक स्थानहरुमा वृक्षारोपण कार्यको सुरुवात गरेको छ ।
- फोहोर मैला व्यवस्थापनका लागि सार्वजनिक स्थानहरुमा डस्टविन व्यवस्थापन गरिएको छ साथै संङ्कलित फोहोर मैलालाई थप व्यवस्थापन गर्न सरोकारवाला निकायहरुमा पहल गरिएको छ ।
- २०८१ असोज दोस्रो हप्ताको भीषण वर्षाले निम्त्याएको विपद्ले गाउँपालिकाको थुप्रै भौतिक संरचनाहरुमा क्षेति पुर्याएको थियो । जसलाई प्राथामिकताका आधारमा हाम्रो आफ्नो सिमित स्रोत र साधन साथै संघीय र प्रदेश सरकारसँगको सहकार्यमा व्यवस्थापन गरिएका छन् । केहि दायित्व आगामी आवमा समेत सृजना भएको छ ।
- उक्त विपद् बाट आवाश पूर्ण क्षति वा आंशिक क्षेति भइ वस्न अयोग्य ५७ घरपरिवारलाई अस्थायी आवस निर्माणका लागि प्रथम किस्ता उपलब्ध गराइ सकेको छ । जसमध्य २७ घर परिवारले दोस्रो किस्ता समेत प्राप्त गरिसकेका छन् ।

१२. बागमती गाउँपालिकाले चालू आ.व. २०८१/८२ का लागि विनियोजित कूल बजेट रु ४९ करोड ५८ लाख ८४ हजार ४ सय ९९ लाई कार्यान्वयन गर्ने क्रममा हालसम्म ८९.५% भौतिक प्रगति

प्राप्त भएको छ । कूल खर्च मध्येको चालू खर्च ७६.१२% र पूँजिगत खर्च ४९.६५ % भइसकेको छ भने असार मसान्त भित्र भौतिक प्रगति ९७%, चालू खर्च ८५.८७ % र पूँजिगत खर्च ७०.१५% हुने विश्वास गरिएको छ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

अब म बागमती गाउँपालिकामा कार्यक्रम संचालन गर्दा भोग्नु परेका समस्या तथा चुनौतीहरू र अवसर प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१३. समस्या तथा चुनौतीहरु तर्फ

- समयमानै उपभोक्ता समितसँग सम्झौता गर्न कार्यालयले काम थालनी गरेता पनि उपभोक्ताले समयमा नै काम शुरु नगर्ने, काम शुरु गरे पनि समयमै भुक्तानी माग नगर्ने हुँदा तोकिएको समयमा भौतिक तथा वित्तीय प्रगति हासिल गर्न नसकिएको अवस्था छ ।
- साना तथा टुक्रे योजना वढि हुने कारणले गर्दा पनि आशातित सफलता हासिल हुन सकेको छैन।
- बसाई सराईका कारण गाउँपालिकाले तय गरेको योजना तथा कार्यक्रमहरुमा लक्षित समूहहरुको सहभागिता न्यून रहने गरेको छ ।
- कठिन भौगोलिक बनावटमा थप २०८१ असोज ११ र १२ गतेको प्राकृतिक विपत्ती,ले गर्दा भैपरी आउने खर्च बढी देखिएर अन्य विकासका कामहरु गर्न वाधा पुगेको देखिन्छ ।
- संघीय सरकारबाट प्रक्षेपित राजस्व बाँडफाँडबाट प्राप्त हुनु पर्ने रकम मात्र अपुग हुने गरेकोमा विगतका आ.व.हरु देखि वित्तीय समानीकरण अनुदान रकममा नै ९ प्रतिशत अनुदान रकम कटौती हुँदा चालू आ.व.का केही दायित्वहरु आगामी आ.व .०८२/०८३ मा सर्न पुगेको छ ।

१४. अवसर तर्फ

कठिन र जोखिमयुक्त भौगोलिक भू-बनावट, दीगो आन्तरिक स्रोतको अभाव, सदरमुकाम केन्द्रित बसाई सराई, दक्ष जनशक्तिको अभाव जस्ता समस्याका बाबजुद पनि आगामी दिनहरुमा गाउँपालिका हुँदै संघीय राजधानी र प्रदेश राजधानी जोड्ने छोटो दुरीको कान्ती लोकपथ स्तरोन्नती सँगै सडकमा यात्रुहरुको उल्लेख्य बृद्धी हुनु, आय आर्जनमा टेवा पुग्दै जानु, गाउँपालिकामा निजी क्षेत्र र गै.स.सं.हरुको सहभागीता बढ्नु, व्यापार व्यवसायका लागि पर्यटन क्षेत्र संभावनाका रुपमा देखिनु आन्तरिक आयस्रोतको पहिचान, प्रवर्धन र बिस्तारको कार्यले गाउँपालिकामा विद्यमान अवसरहरुको उजागर भएको छ ।

**आदरणीय, गाउँ सभाका सदस्यज्यूहरु,**

१५. अव म बागमती गाउँपालिकाले आ.ब.२०८२।०८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्दछु ।

- नेपालको संविधानका प्रस्तावना मौलिक हक राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु,
- नेपालको संविधानको स्थानीय आर्थिक कार्य प्रणाली एवम् एकल तथा साझा अधिकारका सूचीहरु
- स्थानीय सरकार संचालन ऐन २०७४,

- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका बिभिन्न प्रतिबद्धताहरु,
- संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकार र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- बागमती गाउँपालिकाको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- स्थानीय तह स्व-मूल्यांकनका आधारहरु,
- स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधिका आधारहरु,
- विगतका आर्थिक बर्षमा गाउँपालिकाले तयार पारेका नीति, कार्यक्रम तथा योजनाहरु,
- विकासका समसामयिक मुद्धाहरु: दिगो विकास सम्बन्धी नीति, जलबायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैगिक सशक्तिकरण र समावेशी विकास, बाल मैत्री स्थानीय शासन, उर्जा संकट लगाएका सम्बन्धित विषयहरु ।
- गाउँ कार्यपालिका तथा गाउँसभाका निर्णयहरु ।
- गाउँपालिकाले तय गरेको ***कृषि पर्यटन र पूर्वाधार :समृद्ध र सुखी बागमती गाउँपालिकाको मूल आधार*** नारा सहितको सोच

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

१६. अब म बागमती गाउँपालिकाको विषयगत एवं क्षेत्रगत रुपमा आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

## १६.१आर्थिक विकास

**कृषि विकास तथा पशु सेवा तर्फः**

- पशु बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृषि उत्पादनमा वीमा कार्यक्रम सञ्चालनका लागि विमा संस्थाहरुसँग आवश्यक पहल गरिनेछ ।
- कृषि तथा पशु उत्पादनमा प्रदान गर्रिदै आएको अनुदानलाई लागत साझेदारी मोडलमा निरन्तरता प्रदान गरिनेछ ।
- माटो परीक्षण कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।
- कृषि क्षेत्रलाई आधुनिकीकरण, यान्त्रीकरण र विशिष्टीकरण गरी व्यवसायिक उत्पादन गर्न जोड दिइनेछ ।
- कृषिलाई आयमूलक, आधुनिक र मर्यादित पेशा तथा उत्पादशील व्यवसायको रुपमा विकास गर्दै लगिनेछ ।
- उत्पादन आधारित दुधमा प्रोत्सान अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- प्रदेश सरकारसँगको लागत साझेदारीमा सूचना प्रविधिमा आधारित कृषि उपज बजार केन्द्र स्थापन एवम् सञ्चालन गरिनेछ ।
- भैंसी पालन प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- किसान सूचीकरण तथा वर्गीकरण कार्यक्रमलाई निरन्तरता दिईने छ ।

- जनतासँग अध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइनेछ र सो कार्यक्रमबाट स्वरोजगारी र उद्यमशीलतालाजई अभिवृद्धि गर्न बेरोजगार, बैदेशिक रोजगार र सहरबाट गाउँ फर्किन चाहने स्थानीय युवा, महिला तथा अन्य लक्षित वर्गलाई लक्षित गरी कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- रैथाने विउ उत्पादनको लागि कृषकहरुसंग रहेको पुरानो बिउलाई प्रतिस्थापन गरि बाली उत्पादन स्त्तरमा बृद्धि गर्ने लक्ष्य लिइनेछ ।
- लागत साझेदारीमा गाई भैंसीको नयाँ पकेट क्षेत्र बिकास कार्यक्रम, एक स्थानीय तह एक उत्पादन कार्यक्रम जस्ता कार्यक्रमहरुलाई व्यवसायिक कृषक लक्षित गरी संचालन गरिने छ ।
- घुम्ती सिविरका रुपमा कृषि उत्पादन र पशुपन्छीमा हुन सक्ने रोग लागयतका क्षति न्यूनिकरण गर्न उपचार सेवा उपलब्ध गराइने छ साथै प्राविधिकहरु मार्फत नियमित रुपमा परामर्श उपलब्ध गराइनेछ ।
- पशुहरुमा गरिने कृतिम गर्भाधान सेवालाइ निरन्तरता दिइनेछ ।
- व्यवसायिक बेमौसमी तरकारी खेती, व्यवसायीक मौरी प्रवर्द्धन कार्यक्रम र व्यवसायिक फलफूल कार्यक्रम सञ्चालन गरिनेछ ।
- सरोकारवालाहरुसँगको सहकार्यमा कृषि उत्पादनका लागि आवश्यक सिंचाई सुविधा व्यवस्थापनका लागि पहल गरिनेछ ।
- आश्राङ र गिम्दीलाई कफि पकेट क्षेत्रको रुपमा विकास गरिनेछ साथै संभावनाका आधारमा अन्य स्थानहरुमा पनि थप किसिमका पकेट क्षेत्रका रुपमा विकास गर्दै लगिनेछ ।
- **पर्यटनः**
- गाउँपालिका स्तरीय पर्यटकीय क्षेत्र तीनपाने सातकन्या राडारलाई उपत्यका नजिकको पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न संघीय सरकार तथा प्रदेश सरकारसँगको सहकार्यमा थप संरचनाहरु विकास गरि व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।
- गाउँपालिका भित्रका
- गाउँपालिका भित्रका स्थानीय लोक संस्कृति जगेर्ना तथा सांस्कृतिक सम्पदा एवं मठमन्दिर, गुम्बा, विहारहरुको संरक्षण गर्दै पर्यटकिय गन्तव्यको रुपमा बिकास गरीनेछ ।
- गाउँपालिका भित्रका माझखण्ड क्षेत्रको रुद्रेश्वर महादेव, शहीद पार्क आश्राङमा शिव मन्दिर, गिम्दीको चमेरे गुफा लगायतको संरचना निर्माण गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।
- होम स्टे सचालनको लागि लक्षित समुदायहरुसँग सहकार्य गरिने छ ।
- गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रहरुलाई समेटी वृत्तचित्र निर्माण गरी प्रचार प्रसार गरिनेछ ।

**उद्योग तथा वाणिज्य, सहकारी एवम् गरिबी निवारण**

- गाउँपालिका भित्र रहेका साना तथा मझौला उद्योगीहरुलाई आकर्षण गर्न वित्तिय क्षेत्रहरुसँगको सहकार्यमा छलफल तथा अन्तरकृयात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

- सार्वजनिक निजी साझेदारी (PPP) नीतिको अबलम्बन गरि निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।
- सहकारी संस्थाहरुको सुदृढिकरण विकास र पर्वर्द्धनको लागि नियमित अनुगमन नियमन र निरिक्षणको व्यवस्था मिलाइनेछ । सहकारी संघ संस्थाहरुसंग सहकार्य गरी उत्पादन मूलक व्यवसाय सञ्चालन गर्ने कार्य अघि बढाइनेछ ।
- सहकारी प्रवर्द्धन, सहकारी चेतना, सहकारीमा रहेको पुँजी परिचालन, सहकारी मार्फत लगानी अभिवृद्धि र सहकारी खेती प्रणाली लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।
- समूदायमा रहेका विभिन्न समूहहरुलाई संघ तथा प्रदेश सरकारका कार्यक्रम मार्फत विउ पूँजि व्यवस्थापन गरि सो समूहका सदस्यहरुलाई आय आर्जनमा जोड्दै लगिनेछ ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तथा रोजगार आयोजना कार्यक्रम मार्फत स्थानीय बासीहरुमा सीप तथा क्षमता विकास एवम् थप रोजगारीको अवसरहरु सृजना गरिनेछ ।
- बागमती गाउँपालिका अन्तर्गत संचालन हुने विकास निर्माणका कार्यहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथिमकता दिइनेछ ।

## १६.२ सामाजिक विकास

**स्वास्थ्य**

- प्रत्येक नागरिकलाई स्वास्थ्य सम्बन्धि मौलिक हकको सुनिश्चितता गरिनेछ ।
- गाउँपालिका स्तरीय थाङ्सिङटार अस्पताल लगायतका स्वास्थ्य संस्थाहरुलाई व्यवस्थित एवम् सवलिकरण गर्दै लगिनेछ ।
- महिला स्वास्थ्य स्वंयसेविकाहरुलाइ प्रोत्साहन कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- स्थानीयहरुको स्वास्थ्य विमा प्रभावकारी बनाउन प्रिमियममा उपलब्ध गराउँदै आएको ५० प्रतिशत अनुदानलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य सेवाको पहुँच स्थानीयतह सम्म पुर्याउन गाउँघर क्लिनिकलाई थप प्रभावकारी बनाउदै लगिनेछ साथै भौतिक पूर्वाधार थपका लागि सरोकारवाला निकायमा पहल गरिनेछ ।
- पूर्ण खोप दीगोपनालाई स्थायित्व कायम गर्न खोप कार्यक्रमलाई विशेष जोड दिईनेछ ।
- गाउँपालिकाबाट संचालन हुने एम्वुलेन्स सेवालाई प्रभावकारी व्यवस्थानप गरिनेछ । स्थानीय सुत्केरीहरुलाई प्रसुति प्रयोजनार्थ अस्पतालसम्म जानका लागि निशूल्क रुपमा प्रदान गरिएको एकतर्फी एम्बुलेन्स सेवालाई निरन्तर गरिनेछ ।
- बाल तथा मातृ शिशु स्वास्थ्य सेवालाइ निरन्तरता दिई पूर्ण गर्भ जाँच तथा संस्थागत प्रसुती सेवालाइ बिशेष जोड दिईनेछ ।
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाइ निरन्तरता दिई कुपोषण, रक्तअल्पता, परजीवि नियन्त्रण र ब्यक्तिगत सरसफाई संग सम्बन्धित कार्यक्रम सञ्चालन गरिनेछ ।
- नसर्ने रोग न्यूनिकरणका रोकथाम तथा स्वस्थ जीवनशैली अबलम्वन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- गर्भवती महिलाहरुका लागि निःशुल्क क्याल्सियम, डेलिभरी प्याड तथा फोलिक एसिड चक्की उपलब्ध गराउने कार्यलाइ निरन्तरता दिइनेछ।
- एच.आई.भि. सक्रमित व्यक्तीको लागि पोषण तथा यातायात खर्च उपलब्ध गराउने कार्यलाइ निरन्तरता दिइनेछ ।
- मानसिक स्वास्थ्य कार्यक्रम प्रभावकारी रुपमा संचालन तथा औषधि उपचारको व्यवस्थालाइ निरन्तरता दिईनेछ ।
- सबै स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवाको बिस्तार गरि सबै स्वास्थ्य संस्थाहरुलाई सुचिकृत गरिदै लगिनेछ ।
- स्वास्थ्य सस्थाहरुमा स्वास्थ्य सम्वन्धी तथ्यांकहरु सरल र सहज बनाउन स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको प्रयोग गरिनेछ ।
- विद्यालयका छात्राहरुका लागि निशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

**शिक्षा**

- बागमती गाउँपालिकाको पञ्चवर्षीय शिक्षा रणनीतिलाई प्रभावकारी रुपमा लागू गरिनेछ ।
- गाउँपालिकाको निर्माण गरेको स्थानीय पाठ्यक्रम बमोजिमका पाठ्यपुस्तकहरु तयार गरी लागू गरिनेछ ।
- प्रारम्भिक बालबिकास शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनुका साथै आधारभूत तहलाई सिकाइको जगको रुपमा विकास गरिनेछ ।
- आधारभूत तह र माध्यमिक तहका विद्यार्थीलाई सिकाइ सहजिकरणका अतिरिक्त नेपाल स्काउट, जुनियर रेडक्रस सर्कल र खेलकुद लगाएतका अतिरिक्त क्रियाकलापमा सहभागी हुन उत्प्रेरित गरिनेछ ।
- बाल बिकास शिक्षक र विद्यालय कर्मचारीहरुलाई उपलब्ध गराउने प्रोत्साहन रकमलाई निरन्तरता दिइ शैक्षिक सुधारका लागि थप हौसला प्रदान गरिनेछ ।
- शैक्षिक क्षेत्रको गुणस्तरीयता कायम गर्न र नतिजा उन्मुख शैक्षिक क्रियाकलाप संचालन गरिनेछ साथै विद्यालय अनुगमनलाई प्रभावकारी बनाइनेछ ।
- विद्यालय उमेर समूहका बालबालिकाको भर्नामा पहुँचको सुनिश्चितता गर्दै सिकाइ उपलब्धिमा क्रमिक रुपमा सुधार गर्न प्रविधिमैत्री विद्यालय कार्यक्रमलाई विस्तार गरिनेछ।
- गाउँपालिकाका सामुदायिक विद्यालयहरुका शिक्षकहरुको पेशागत विकासमा सहयोग गरि विद्यार्थीको सिकाइ प्रति जवाफदेही बनाइनेछ सोका लागि विद्यालयका प्रधानाध्यापकहरु सँग कार्यसम्पादन सम्झौता गरिनेछ ।
- सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अंगको रुपमा एकिकृत गर्दै शिक्षण सिकाई प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाइनेछ ।
- विद्यालयहरुमा जनप्रतिनिधि, शिक्षक, अभिभावक सहितको अन्तरक्रिया मार्फत शिक्षालाई गुणस्तरीय बनाउनुको साथै अतिरिक्त क्रियाकलाप सञ्चालनका माध्यमबाट बालबालिकाहरुको प्रतिभा पहिचान गर्दै प्रतिभाको उजागर गर्ने कार्यमा जोड दिइनेछ ।

- आधारभूत तहको परीक्षालाई पालिकास्तरीय रुपमा सञ्चालन गरिनेछ ।
- प्रधानाध्यापक बैठकमा विद्यालयका शैक्षिक, भौतिक र व्यबस्थापकिय पक्षसंग सम्बन्धित गतिविधि आदान प्रदान गरि कुनै विद्यालयमा भएका असल अभ्यासहरु अन्य विद्यालयमा लागु गर्न उत्प्रेरित गरिनेछ ।
- कक्षा १ देखि ५ कक्षा सम्मका विद्यार्थीहरुका लागि दिवा खाजा तोकिएको पोषण गुणस्तरमा खुवाउन विद्यालयले सुनिश्चितता गराइनेछ ।
- विद्यालयको प्रशासकीय सुधार सहित जनसहभागिता, सरोकारवालाहरुको प्रतिनिधित्व, अपनत्व र उत्तरदायित्व प्रर्वर्द्धन गर्न सहभागितामूलक संयन्त्र निर्माण गरी शैक्षिक सुशासन कायम गरिनेछ ।
- शैक्षिक पूर्वाधार निर्माण गर्दा विपद प्रति सम्बेदनशिल, अपांग मैत्री र बालबालिका मैत्री हुने गरी निर्माण गरिनेछ ।
- गाउँपालिका स्तरीय अध्यक्षकपलाई निरन्तरता दिइनेछ । साथै पालिका स्तरीय भलिबल, ब्याडमिन्टन, फुटबल लगायत विविध खेलकुद प्रतियोगितालाई सञ्चालन गरिनेछ ।
- युवा वर्गलाइ लक्षित गरी खेलकुदको माध्यमबाट युवाहरुको प्रतिभा पहिचान गर्न विभिन्न खेलकुदका कार्यक्रम संचालन गरिनेछ साथै गाउँपालिका बाहिर सञ्चालन हुने खेलकुद प्रतियोगिताहरुमा पनि सहभागि गराइनेछ ।
- गाउँपालिका स्तरीय खयरघारी प्युटार रङ्गशालालाई प्रदेश सरकारसँगको सहकार्यमा थप निर्माणकार्यहरु गरिनेछ ।
- विभिन्न स्थानहरुमा प्रदेश सरकारसँगको सहकार्यमा खेल मैदानहरु निर्माण गरिनेछ ।
- कक्षा ८ को पालिका स्तरीय परीक्षा र कक्षा १० र १२ को राष्ट्रिय परिक्षामा प्राप्त नतिजाका आधारमा उत्कृष्ट विद्यालय, शिक्षक एवम् विद्यार्थीहरुलाई सम्मान गरिनेछ ।

**खानेपानी तथा सरसफाईः**

- प्रत्येक नागरीकलाइ स्वच्छ पिउनेपानी उपलब्ध गराउन संघ, प्रदेश सरकार र गैह्र सरकारी संस्थाहरुसँगको सहकार्यमा खानेपानी योजनाहरुको निर्माण कार्यलाइ जोड दिइनेछ ।
- खानेपानी, स्वच्छता तथा सरसफाइ (वास) योजना अनुसार प्राथमिकताका आधारमा सम्पूर्ण वडा र बस्ति समेट्ने गरी एक घर एक धारा को नीतिलाइ कार्यान्वयन गर्दै लगिनेछ ।
- गाँउपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी योजनाहरुलाई दीगो रुपमा संचालन गर्नका लागि खानेपानी उपभोक्ता तथा व्यवस्थापन समितिहरुलाई खानेपानी मर्मत संभार तथा व्यवस्थापन सम्वन्धी अभिमुखिकरणको व्यवस्था गरि खानेपानी योजनाको नियमित मर्मत सम्भारको लागि सम्बन्धित उपभोक्ता समितिलाइ जवाफदेहि बनाइनेछ ।
- काठमाडौं उपत्यकाबाट उदगम भइ बागमती गाउँपालिकाको १, २, ४, ६ र ७ नं वडा हुँदै बहने बागमती नदीमा बढ्दो फोहोरमैला र यसबाट सृजित विभिन्न समस्या व्यवस्थापन र समाधानका लागि सरोकारवाला स्थानीय तह, सरकारी तथा गैर सरकारी संघ संस्थाहरुमा पून: ध्यानाकर्षण गरिनेछ र क्षतिपूर्तिका लागि थप पहल कदमी गरिनेछ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः**

- महिला तथा बालबालिका उपर हुने सवै प्रकारका हिंसा अन्त्यका लागी सवै वडाहरुमा अभियानमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पालिकामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला, दलित, आदिबासी जनजाती, पछाडी परेका वर्ग तथा समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणका कार्यक्रममा जोड दिईनेछ ।
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्यसम्बन्धी महासन्धि बेइजिङ घोषणापत्र, बालबालिकाको अधिकारसम्बन्धी अभिसन्धि तथा अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी अभिसन्धिलाई स्थानीयकरण गरिनेछ ।
- महिलाहरुको संस्थागत विकासका कार्यलाई अगाडी बढाउनका लागि प्रत्येक वडामा वडा स्तरीय महिला समिति गठन गरी क्रियाशिल बनाईनेछ साथै क्षमता विकासमा जोड दिइनेछ।
- बालबालिकाको सर्वाङ्गिण विकासका लागि बिद्यालय तथा वडा स्तरमा बालक्लव, किशोरी क्लव एंवम पालिका स्तरमा बालसञ्जाल गठन, पुर्नगठन तथा परिचालन गरिनेछ । साथै किशोरीहरुको आत्मबल बढाउन र सुरक्षा क्षमता वृद्धि गर्न आत्मरक्षा तालिम क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- अपाङ्गता भएका ब्यक्तिहरुको पहिचान र अधिकारलाई सुनिश्चित गर्दै अपाङ्गता परिचय पत्र वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- अपाङ्गता भएका ब्यक्तिहरुका लागि समुदायमा आधारित पुर्नस्थापना सि.वि.आर कार्यक्रम सञ्चालन गरिनेछ ।
- ज्येष्ठ नागरिकहरुको ज्ञान, सीप र अनुभवलाई पालिका क्षेत्रको विकासमा प्रयोग गर्न ज्येष्ठ नागरिक सञ्जाल तथा ज्येष्ठ नागरिक कल्याण ब्यवस्थापन समिति मार्फत ज्येष्ठ नागरिक लक्षित कार्यक्रमलाइ थप प्रभावकारी बनाईनेछ ।
- एकल पुरुष भत्तालाई निरन्तरता दिइनेछ ।
- महिला, युवा लगायत लक्षित समुदायहरुको सशक्तिकरण एवम् क्षमता विकासको लागि उद्घघोषण तालिमहरु सञ्चालन गरिनेछ ।
- **बाल्यकालको बचत उच्च शिक्षा हासिल गर्ने आधार** भन्ने नाराका साथ नवजात शिशुको जन्म दर्ता भए पश्चात गाउँपालिका र अभिभावकको ५०-५० प्रतिशत लागत साझेदारीमा बिउ पुँजी स्वरुप मुद्दती खातामा बाल बचत गरि उच्च शिक्षाको सुनिश्चितता हुने अभियान शुरु गरिनेछ ।

## १६.३ पूर्वाधार विकास तर्फ

**सडक तथा पुलः**

- गाउँपालिकामा गरिएका पूर्वाधार विकासका भौतिक संरचनाको दीगो व्यवस्थापनका लागि पाँच लाख भन्दा माथिका आयोजनाहरुमा मर्मत संभार कोषमा ५ प्रतिशत रकम जम्मा गर्ने नीति लिइदै आएकोछ र उक्त संरचना सोही कोषमा भएको रकमबाट मर्मत सम्भार गरिनेछ ।

- जिल्ला समन्वय समिति, ललितपुरसँगको सहकार्यमा वडा कार्यालय भवनहरु निर्माण गरिनेछ ।
- यातायात गुरु योजना निर्माण गरी सडकहरुको प्राथमिकिकरण गर्ने र सोही आधारमा सडकको स्तरोन्नति गर्दै लगिनेछ ।
- विज्ञहरुसंगको समन्वय र सहयोगमा आयोजना वैंक निर्माण गरी कार्यान्वय गरिनेछ ।
- निर्माण कार्यमा गुणस्तर कायम गर्न अनुगमन कार्यलाई प्रविधि मैत्री र थप प्रभावकारी बनाइनेछ ।

**उर्जा तथा सञ्चार**

- विद्युतको पहुँच नपुगेको वस्तीमा सरोकारवालाहरुसँगको सहकार्यमा विद्युतीकरणको कार्य विस्तार गर्न पहल गरिनेछ।
- गाउँपालिकाबाट प्रकाशन हुने सूचनाहरु स्थानीय संचार माध्यमबाट प्रकाशन तथा प्रशारण गर्ने नीति लिईनेछ ।
- गाँउपालिका भित्र मोवाइल नेटवर्किङमा समस्या भएको ठाउँहरुमा नेपाल टेलिकम संग सहकार्य गरी टावर राख्न पहल गरिनेछ ।
- स्थानीय श्रमजिवी पत्रकारहरुलाई गाउँपालिकाको सूचना सम्प्रेषणका लागि प्रोत्साहन गरिनेछ ।

## १६.४ वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ

**वन वातावरण**

- पर्यावरणीय सन्तुलन कायम गर्न सामुदायिक वन उपभोक्ता समितिसँग सहकार्य गरि उपयुक्त स्थानहरुमा वृक्षारोपण गर्ने कार्यलाइ जोड दिइनेछ ।
- जडिबुटी, फलफूल, अमला, टिमुर जस्ता बहुउपयोगी बोट विरुवालाइ वृक्षारोपण कार्यक्रम संघ र प्रदेश सरकार संग समन्वय गरी निरन्तरता दिइनेछ ।
- वातावरण संरक्षणको लागि ठूला सडक आयोजनाहरुमा वायो इन्जिनियरिङको कार्यलाइ प्राथमिकता दिइनेछ ।
- वन डढेलो, वातावरण संरक्षण विपद व्यवस्थापन र फोहरमैला व्यवस्थापन सम्बन्धि सचेतनामूलक कार्यक्रम संचार माध्यमको सहकार्यमा संचालन गरिनेछ ।
- सार्वजनिक स्थलमा हरियाली प्रबर्द्धन कार्यक्रम संचालन गरिनेछ ।
- मागको आधारमा बृक्षारोपण कार्यक्रमलाइ प्राथमिकता दिइनेछ ।

**जलाधार संरक्षण तथा जलवायु परिवर्तन**

- गाउँपालिका भित्रका जलाधारहरुको पहिचान गरी संरक्षण गरिनेछ ।
- ठूला विकास योजना संचालन गर्दा अवस्था पहिचान गरि विस्तृत परियोजना प्रतिवेदन तथा प्रारम्भिक वातावरयीय परिक्षण गरिने अभ्यासहरूलाइ निरन्तरता दिइनेछ ।
- स्थानीय स्तरमा रहेका पानीका मुहान संरक्षण गरी जलवायु परिवर्तनबाट हुने प्रभावलाइ न्यूनिकरण गर्न सहयोग पुग्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
- वातावरणमैत्री विकास पूर्वाधार निर्माण कार्यलाइ निरन्तरता दिइनेछ ।

- सरोकारवाला निकायहरुसँगको सहकार्यमा जलवायु परिवर्तन सम्बन्धी सचेतनामूलका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**फोहोरमैला व्यवस्थापनः**

- फोहरमैला व्यवस्थापन गर्नको लागि घर तथा सार्वजनिक स्थलबाट उत्पादन हुने फोहर जन्य वस्तुहरुको पहिचान गरी फोहरको प्रकृति छुट्याइ संकलन गर्न प्रोत्साहन गरिनेछ ।
- फोहरमैला व्यवस्थापन स्थलको खोजी तथा पहिचान गर्न पहल गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनको लागि सहकारी संस्था, गैर सरकारी संस्था र टोल विकास संस्थाहरू संग समन्वय गरि कार्यक्रम संचालन गरिनेछ ।
- अन्तर स्थानीय तहबीच समन्वय गर्दै फोहोर मैलाको उचित व्यवस्थापनको लागि दीर्घकालीन योजना निर्माण गरिनेछ र आगामि बर्षहरुमा फोहोरमैलालाई वैकल्पिक आम्दानीका रुपमा विकास गरिनेछ ।

**प्रकोप नियन्त्रण तथा विपद् व्यवस्थापनः**

- गाउँपालिका भित्र रहेका विपदका सम्भावित जोखिमका क्षेत्रहरूको पहिचान गरि विपद न्यूनिकरण तथा व्यवस्थापनको लागि बागमती गाउँपालिकाको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना को आधारमा आवश्यक पूर्वतयारी गरिनेछ ।
- गाउँपालिका तथा वडा स्तरिय विपद् व्यवस्थापन समितिको सक्रिय परिचालनको लागि क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।
- विपद् उद्धारका लागि आत्यावश्यक सामाग्रीहरुको थप व्यवस्थापन गर्दै लगिनेछ ।
- विपद् प्रभावितहरुलाई राहत सामाग्री वितरण गर्दा एकद्वार प्राणालीलाई लागू गरिनेछ ।

## १६.५ सुशासन तथा संस्थागत विकास

**सुशासन मानव संशाधन विकास संस्थागत क्षमता विकास**

- जनता सु-सुचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न कार्यालयबाट सम्पादित कार्यक्रमहरुको सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, चौमासिक सार्वजनिकरण गर्ने कार्यलाई मिडिया सहकार्य गरि सूचना प्रवाह गरिनेछ ।
- बागमती गाउँपालिकाको क्षमता विकास योजनाको आधारमा कर्मचारीहरुको क्षमता विकास गर्नुको साथै कार्यक्षमता र कार्यकुशलताका आधारमा प्रोत्साहन तथा पुरस्कृत गरिनेछ । गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतसँग र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखसँग र वडा सचिवसँग कार्यसम्पादन सम्झौता गरि कार्य सम्पादनलाई व्यवस्थित वनाईनेछ।
- नेपाल सरकार र प्रदेश सरकारबाट छनौट संचालन र व्यवस्थापन भएका योजनामा दोहोरोपना आउन नदिने गरी योजना छनौट गरिनेछ, साथै यस्ता योजनाहरु तोकिएको समयभित्र तोकिएको गुणस्तर परिमाण र लागतमा संचालन तथा व्यवस्थापन गर्न गाउँपालिकाबाट उचित समन्वयात्मक कार्य गरिनेछ ।

- गाउँपालिकाको बेरूजुहरूको अभिलेखीकरण तथा सम्परिक्षण गरि प्रतिवेदन तयार गर्ने कार्यलाइ निरन्तरता दिइनेछ साथै बेरूजु सुन्यान्तरका लागि पहल गरिनेछ ।
- भुक्तानी प्रक्रियालाइ सरल र व्यवस्थित बनाउन अनिवार्य विद्युतीय भुक्तानी प्रणाली प्रयोगलाई निरन्तरता दिइनेछ ।

**सूचना प्रविधि तर्फः**

- गाउँपालिका तथा सवै वडा कार्यालयमा लागू गरिएको अनलाइन राजश्व प्रणालीलाइ थप सुदृढ र प्रभावकारी बनाइनेछ । राजश्व प्रशासनलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउन कर्मचारीहरुका लागि थप तालिमका साथै प्रविधि सुधार तथा क्षमता विकासमा लगानीलाई निरन्तरता दिइनेछ ।
- सूचना प्रविधिको बढ्दो प्रयोग सँगै नयाँ प्रविधि सम्बन्धी जानकारी र सूचना प्रविधिको प्रयोगलाई बढाउन क्षमता विकास तालिम सञ्चालन गरिनेछ।
- नियमित सेवा प्रवाहमा सहजता ल्याउन सूचना प्रविधि सँग सम्बन्धित सामाग्री तथा उपकरणको बैकल्पिक व्यवस्था गरिनेछ ।

**राजश्व तर्फः**

- राजस्व सुधार योजना तयारी राजश्व परिचालनलाई प्रभावकारी बनाइनेछ ।
- विभिन्न संचार माध्यमबाट कर संकलनका लागि चेतनामूलक प्रचारप्रसार गर्न जोड दिइनेछ।
- करदाताले तिर्ने करबारे एसएमएस लगायतका प्रभावकारी माध्यमबाट जानकारी गराउने तर्फ व्यवस्था मिलाइनेछ।
- कर नीतिमा ढिलो कर तिर्नेलाई बिलम्ब शुल्क लगायत दण्डको व्यवस्था र नियमित तथा बढी कर तिर्ने करदातालाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ।
- कर उठाउने टोली खटाई व्यवसाय दर्ता, नविकरण गर्ने कार्यलाइ निरन्तरता दिइनेछ।
- आर्थिक ऐनमा रहेका व्यवहारिक नदेखिएका र लागू नहुने प्रावधानहरूलाई समसामयिक बनाइनेछ।
- आवश्यकता अनुसार राजस्वका संकलन क्षेत्रमा अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।
- पालिकाबाट प्रवाह हुने सेवालाई नागरिक तथा संघ संस्थाले तिर्नुपर्ने राजस्वसँग आवद्ध गरी **मैले तिर्ने कर मेरै विकासका लागि** भन्ने भावनाको विकास गरिनेछ ।

**न्यायिक समिति:**

- गाउँबासीको न्यायमा पहुँच स्थापित गर्न सहज कानुनी उपचारको ब्यवस्थालाई निरन्तरता दिइनेछ ।
- न्यायिक समिति र मातहतका मेलमिलाप कर्ताहरुको क्षमता अभिवृद्धि गर्दै न्याय सम्पादनको कार्यलाई प्रभावकारी बनाउन जोड दिइनेछ ।
- गाउँपालिकाका सबै वडा र मेलमिलाप केन्द्रबाट बिवादलाइ समाधान गर्ने ब्यवस्थालाई निरन्तरता दिइनेछ ।

- गाउँपालिका भित्र रहेका न्यायसँग सम्वन्धित सरोकारवालाहरु संग अन्तरक्रिया,छलफल कार्य गरिनेछ ।

**भूमिहिन सुकुम्बासी पहिचान तथा व्यवस्थापन :**

- भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासका प्रयासहरुलाई व्यवस्थित गराउन भूमी समस्या समाधान आयोग तथा जिल्ला भूमि समस्या समाधान समितिसंग सहकार्य गरि अघि बढ्ने नीति लिइनेछ ।

**सहकार्य तथा समन्वय:**

- नवीनतम विकासका सिकाइहरू आदान प्रदान एवम् साझा सरोकारका विषयहरुमा अन्तर स्थानीय तहको सहकार्य र समन्वयलाइ प्रगाढ गराउन अन्तरक्रिया, छलफल, भ्रमण कार्य गरिनेछ।
- गाउँपालिकाबाट संचालन भएका ठूला योजनाहरुको अनुगमनमा जिल्ला समन्वय समिति र पत्रकारहरुलाइ समेत सहभागि गराइ पृष्ठपोषण लिने र समन्वयको कार्यलाइ अगाडि वढाउने कार्यलाइ निरन्तरता दिइनेछ ।
- प्रत्येक वडामा वित्तीय क्षेत्रको उपस्थिति गराउन बैंक संग समन्वय गरी शाखा रहित बैंकिङ्ग सेवा विस्तारका लागि आवश्यक पहल गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

अन्त्यमा, बागमती गाउँपालिकालाई जनचाहना अनुरुपका विकासका गतिविधि संचालन गर्न जोड दिइनेछ । गाउँपालिकाबाट प्रदान गरिने सेवालाइ सूचना प्रविधिमैत्री चुस्त, पारदर्शी ढङ्गले सेवा प्रदान गरिनेछ। आम गाउँवासीका गुनासाहरुलाइ यथासम्भव सम्बोधन गरिनेछ ।साथै गाउँपालिकाले प्रस्तुत गरेको नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, प्रदेश सरकार, आम बागमतीवासी, विकास साझेदार,निजी क्षेत्र, सहकारी संस्था, गैरसरकारी संस्था, संचार जगत, कर्मचारी वर्गहरुमा हार्दिक अपिल गर्दछु। साथै नीति तथा कार्यक्रम तर्जुमा महत्वपूर्ण सल्लाह सुझाव तथा सहयोग पुर्याउने सबै जनप्रतिनिधि ज्यूहरु, सम्पूर्ण राजनितिक दलहरु, सरोकारवालाहरु र बागमती गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुलाइ धन्यवाद व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्पूर्ण पक्षको साथ र सहयोग प्राप्त हुनेमा विश्वस्त छु ।

**धन्यवाद ।**

**विर बहादुर लोप्चन**
**अध्यक्ष**

मिति २०८२-०३-०९